बैठक संख्या -८६

समयः- दिनको ३.००बजे

आज मिति २०८२ साल असोज महिनाको २७ गते सोमवारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री लक्ष्मी देवी पाण्डे | गाउँपालिका अध्यक्ष |
| | श्री पूर्ण सिं राना मगर | गाउँपालिका उपाध्यक्ष |
| | श्री रेवती सारु (मगर) | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| | श्री प्रेम बहादुर घर्ती | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| | श्री कृष्ण बहादुर थापा | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| | श्री विष्णु राना (मगर) | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| | श्री महेन्द्र पाण्डेय | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४ |
| | श्री पदम बहादुर राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| | श्री छम बहादुर सोमै मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| | श्री उर्मिला महतो | कार्यपालिका सदस्य |
| | श्री तुलीसरा सोमै मगर | कार्यपालिका सदस्य |
| | श्री बिनीसरा ढेंगा मगर | कार्यपालिका सदस्य |
| | श्री मोतीलाल कुमाल | कार्यपालिका सदस्य |
| | श्री केमान सिंह | कार्यपालिका सदस्य |
| | श्री हरि प्रसाद पराजुली | सदस्य –सचिव |
| | आमन्त्रित उपस्थिती | |
| | श्री राजेन्द्र प्र. रेग्मी | प्र. लेखा अधिकृत |
| | श्री रवि कामले | प्र. अधिकृत |
| | श्री रविन्द्र उपाध्याय | प्र. अ. |

प्रस्ताव नं १: गाउँपालिकाको सवारी साधन सम्बन्धमा।

निर्णय नं १: प्रस्ताव नं १ सम्बन्धमा छलफल गर्दा, यस कार्यालयका २ वटा जीपहरु (स्कर्पियो र बोलेरो) GEN-Z आन्दोलनका क्रममा सुरक्षित राखका लागि हुप्सेकोट प्रहरी चौकी, बेलुवामा राखिएकोमा २०८२ भदौ २४ गते आन्दोलनकारीहरुबाट आगजनी गरी पूर्ण रुपमा जलेर नष्ट भएको हुँदा उक्त समयभन्दा अगाडी यस आर्थिक वर्षमा उक्त सवारी साधनहरु मर्मत गर्दा खर्च भएको तपशिल बमोजिमको कूल खर्च रकम रु. ३८८१९४/- चालू आ. व. मा सवारी साधन मर्मत खर्च शीर्षकमा विनियोजित बजेटबाट खर्च भुक्तानी गर्ने र उक्त सवारी साधनहरुको नियमानुसारको लिलाम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै गाउँपालिकालाई तत्काल पदाधिकारी एवं कार्यालय प्रयोजनार्थ १ वटा गाडी अत्यावश्यक रहेकाले अर्को व्यवस्था नभएसम्मका लागि मासिक रु. १,००,०००/- (एक लाख रुपैंया मात्र) ननाघ्ने गरि सम्झौता गरि गाडी भाडामा लिने निर्णय गरियो।

तपशिल:

| सि.नं. | भुक्तानी गर्ने फर्मको नाम | भुक्तानी गर्ने रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कालिका ट्रेड प्वाइन्ट | ७५००० | ग १ झ ४६९ (स्कर्पियो) |
| २. | सेन्टर सर्भिस सेन्टर प्रा. लि. | २८८४८४ | ग १ झ ४६९ (स्कर्पियो) |
| ३. | कावासोती अटो पार्टस | १७६१० | ग १ झ ३८९ (बोलेरो) |
| ४. | सैफला डेन्ट पेन्ट एण्ड बोडी वर्कशप | ७१०० | ग १ झ ३८९ (बोलेरो) |
| | जम्मा | ३८८१९४ | |

प्रस्ताव नं २: हलुका सवारी चालकको करार सम्झौता सम्बन्धमा।

निर्णय नं २: प्रस्ताव नं २ सम्बन्धमा छलफल गर्दा, गत भदौ २४ गते GEN-Z आन्दोलनका क्रममा आन्दोलनकारीहरुबाट आगजनी गरी यस कार्यालयका २ वटा जीपहरु पूर्ण रुपमा जलेर नष्ट भएको हुँदा कार्यालयमा हाल हलुका सवारी चालकको रुपमा कार्यरत मान सिँह राना र विर बहादुर सिँ ठकुरीको सेवा अर्को सवारी साधनको व्यवस्था नहुदासम्म हाललाई स्थगन गर्ने, सो अवधिमा तलब भत्ता लगायतका कुनै सुविधा उपलब्ध नगराउने तथा गाउँपालिकाले नयाँ सवारी साधन खरिद गरी सञ्चालनमा ल्याएपछि आवश्यकता अनुसार सेवाको ज्येष्ठताको आधारमा पुनः कामकाजमा लागउने निर्णय गरियो।

प्रस्ताव नं ३: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा।

निर्णय नं ३: प्रस्ताव नं ३ सम्बन्धमा छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रायले तिन तहका सरकारलाई गरेको परिपत्र सम्वन्धमा छलफल गर्दा दरबन्दी वाहेकका करार कर्मचारीहरुलाई करार